नेपाल सरकार
गृह मन्त्रालय
## नेपाल प्रहरी प्रधान कार्यालय
**(मानवश्रोत विकास विभाग, वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा)**
नक्साल, काठमाडौँ।

# नयाँ भर्ना सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२० गते।**

नेपाल प्रहरीमा **प्राविधिक** प्रहरी समूह अन्तर्गत विभिन्न **उपसमूह**तर्फ रिक्त पदहरूमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ। **प्रहरी नायव उपरीक्षक, प्रहरी निरीक्षक, प्रहरी नायव निरीक्षक** र **प्रहरी सहायक निरीक्षक** पदहरूमा दरखास्त दिने उम्मेदवारहरूले नेपाल प्रहरीको **Online Recruitment Management System (ORMS)** मार्फत **Online** दरखास्त दिनुपर्नेछ। नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* को Career भित्र Online Application वा *https://careers.nepalpolice.gov.np* बाट Online दरखास्त फाराम भर्न सकिनेछ। **प्राविधिक प्रहरी जवान** पदको हकमा उम्मेदवार स्वयम् उपस्थित भई दरखास्त दिनुपर्नेछ।

### १. आवश्यक माग पद सङ्ख्या:-
**(क) प्रा.प्र.ना.उ., प्रा.प्र.नि., प्रा.प्र.ना.नि. र प्रा.प्र.स.नि. पदहरूतर्फ**

| क्र.सं. | विज्ञापन नं. | पद/उपसमूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| **सूचना प्रविधि निर्देशनालयतर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | ०७ (०८२/८३) | प्रा.प्र.नि. (सूचना प्रविधि/कम्प्युटर) | २ | - | - | १ | १ | - | - | ४ |
| २. | ०८ (०८२/८३) | प्रा.प्र.ना.नि. (सूचना प्रविधि/कम्प्युटर) | ४ | - | १ | १ | - | १ | - | ७ |
| ३. | ०९ (०८२/८३) | प्रा.प्र.स.नि. (सूचना प्रविधि/कम्प्युटर) | ३ | - | - | २ | १ | १ | - | ७ |
| **सञ्चार निर्देशनालयतर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | १० (०८२/८३) | प्रा.प्र.नि. (सञ्चार) | ३ | १ | - | - | - | १ | १ | ६ |
| २. | ११ (०८२/८३) | प्रा.प्र.ना.नि. (सञ्चार) | २ | - | - | १ | १ | १ | - | ५ |
| ३. | १२ (०८२/८३) | प्रा.प्र.स.नि. (सञ्चार) | ३० | १ | ५ | ७ | ६ | ४ | २ | ५५ |
| **भौतिक पूर्वाधार निर्देशनालयतर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | १३ (०८२/८३) | प्रा.प्र.नि. (सिभिल इन्जिनियर) | १ | - | - | - | - | - | - | १ |
| २. | १४ (०८२/८३) | प्रा.प्र.नि. (ईलेक्ट्रिकल इन्जिनियर) | १ | - | - | - | - | - | - | १ |
| ३. | १५ (०८२/८३) | प्रा.प्र.नि. (बिल्डिङ्ग एण्ड आर्किटेक्ट) | १ | - | - | - | - | - | - | १ |
| ४. | १६ (०८२/८३) | प्रा.प्र.ना.नि. (आर्किटेक्ट) | १ | - | - | - | - | - | - | १ |
| ५. | १७ (०८२/८३) | प्रा.प्र.ना.नि. (सिभिल) | १ | - | १ | - | - | - | - | २ |
| **सवारी महाशाखातर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १. | १८ (०८२/८३) | प्रा.प्र.नि. (अटोमोबाईल इन्जिनियर) | - | - | - | - | १ | - | - | १ |
| २. | १९ (०८२/८३) | प्रा.प्र.स.नि. (अटोमोबाईल) | २ | - | १ | - | - | - | - | ३ |
| **हातहतियार मर्मत शाखातर्फ (उपसमूहः इन्जिनियरिङ, हातहतियार)** | | | | | | | | | | |
| १. | २० (०८२/८३) | प्रा.प्र.स.नि. (हातहतियार) | १ | - | १ | - | १ | - | - | ३ |
| **केन्द्रीय विधि विज्ञान प्रयोगशालातर्फ (उपसमूहः विधि विज्ञान)** | | | | | | | | | | |
| १. | २१ (०८२/८३) | प्रा.प्र.नि. (बायोलोजी) | - | - | - | १ | - | - | - | १ |
| २. | २२ (०८२/८३) | प्रा.प्र.नि. (रसायन) | १ | - | - | - | - | - | - | १ |
| ३. | २३ (०८२/८३) | प्रा.प्र.ना.नि. (बायोलोजी) | १ | - | - | - | - | १ | - | २ |
| ४. | २४ (०८२/८३) | प्रा.प्र.ना.नि. (रसायन) | १ | - | - | - | - | - | - | १ |
| **नेपाल प्रहरी अस्पतालतर्फ (उपसमूहः स्वास्थ्य)** | | | | | | | | | | |
| १. | २५ (०८२/८३) | प्रा.प्र.ना.उ. (MD Ophthalmologist) | - | - | - | १ | - | - | - | १ |
| २. | २६ (०८२/८३) | प्रा.प्र.नि. (मेडिकल अफिसर एम.बी.बी.एस.) | ४ | - | - | १ | - | १ | १ | ७ |
| ३. | २७ (०८२/८३) | प्रा.प्र.नि. (डेन्टल अधिकृत) | १ | - | - | - | - | - | - | १ |
| ४. | २८ (०८२/८३) | प्रा.प्र.नि. (फिजियोथेरापी टेक्नोलोजिष्ट) | - | - | - | १ | - | - | - | १ |
| ५. | २९ (०८२/८३) | प्रा.प्र.नि. (डाइटेटिक्स) | १ | - | - | - | - | - | - | १ |
| ६. | ३० (०८२/८३) | प्रा.प्र.ना.नि. (स्टाफ नर्स) | ४ | - | १ | १ | - | - | - | ६ |
| ७. | ३१ (०८२/८३) | प्रा.प्र.ना.नि. (फार्मेसी असिष्टेन्ट) | १ | - | १ | - | - | - | - | २ |
| ८. | ३२ (०८२/८३) | प्रा.प्र.स.नि. (फिजियोथेरापी असिष्टेन्ट) | १ | - | - | १ | - | - | - | २ |
| ९. | ३३ (०८२/८३) | प्रा.प्र.स.नि. (सी.एम.ए.) | ३ | १ | - | - | - | १ | १ | ६ |

**(ख) प्राविधिक प्रहरी जवान पदतर्फ**

| क्र.सं. | विज्ञापन नं. | कार्यालय | उपसमूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| १. | ३४ (०८२/८३) | सूचना प्रविधि निर्देशनालय अन्तर्गत | इन्जिनियरिङ, सूचना प्रविधि/कम्प्युटर | ७ | १ | १ | २ | २ | १ | १ | १५ |
| २. | ३५ (०८२/८३) | भौतिक पूर्वाधार निर्देशनालय अन्तर्गत | इन्जिनियरिङ, आवास तथा भौतिक इन्जिनियरिङ | १४ | १ | २ | ४ | ३ | २ | १ | २७ |
| ३. | ३६ (०८२/८३) | सवारी महाशाखा अन्तर्गत | इन्जिनियरिङ, मेकानिकल इन्जिनियरिङ तथा सवारी | २१ | १ | ४ | ५ | ४ | ३ | १ | ३९ |
| ४. | ३७ (०८२/८३) | केनाईन कार्यालय अन्तर्गत | केनाइन (डग ह्याण्डलर) | १५ | १ | ३ | ४ | ४ | २ | - | २९ |
| ५. | ३८ (०८२/८३) | हातहतियार मर्मत शाखा अन्तर्गत | इन्जिनियरिङ, हातहतियार | १ | - | - | - | १ | - | - | २ |
| ६. | ३९ (०८२/८३) | नेपाल प्रहरी अस्पताल अन्तर्गत | स्वास्थ्य | १२ | १ | १ | ३ | ३ | २ | १ | २३ |
| ७. | ४० (०८२/८३) | नेपाल प्रहरी संगीत विद्यालय अन्तर्गत | संगीत | ३४ | १ | ६ | ९ | ८ | ४ | १ | ६३ |
| ८. | ४१ (०८२/८३) | सञ्चार निर्देशनालय अन्तर्गत | इन्जिनियरिङ | १५१ | ५ | २६ | ४० | ३४ | १८ | ६ | २८० |

### २. दरखास्त दर्ता मिति:-

| क्र.सं. | पद | मिति |
|---|---|---|
| १. | प्रा.प्र.ना.उ.,प्रा.प्र.नि.,प्रा.प्र.ना.नि. र प्रा.प्र.स.नि. | २०८२/१२/२५ गतेदेखि २०८३/०१/२४ गतेसम्म। (**ORMS Online माध्यमबाट**) |
| २. | प्राविधिक प्रहरी जवान | २०८२/१२/२६ गतेदेखि २०८३/०१/३१ गतेसम्म, समय विहान १०:०० बजेदेखि कार्यालय समयसम्म, (सार्वजनिक बिदाको दिन बाहेक)। |

### ३. दरखास्त संकलन/वितरण तथा दर्ता हुने स्थानहरू:-
**(क) Online माध्यमबाट दरखास्त दिने पदहरूतर्फ**

| क्र.सं. | पद/उपसमूह | Online दरखास्त सङ्कलन तथा दर्ता हुने स्थान |
|---|---|---|
| १. | **इन्जिनियरिङ** उपसमूहतर्फ **सूचना प्रविधि निर्देशनालय** अन्तर्गतका (प्रा.प्र.नि., प्रा.प्र.ना.नि. र प्रा.प्र.स.नि.) पदहरू | नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालय, नक्साल, काठमाडौँ। (सम्पर्क नम्बरः ०१-५७१९९०० Ext. ३४७) |
| २. | **इन्जिनियरिङ** उपसमूहतर्फ **सञ्चार निर्देशनालय** अन्तर्गतका (प्रा.प्र.नि., प्रा.प्र.ना.नि. र प्रा.प्र.स.नि.) पदहरू | नेपाल प्रहरी प्रधान कार्यालय, सञ्चार निर्देशनालय, नक्साल, काठमाडौँ। (सम्पर्क नम्बरः ०१-५७१९८९९, ९८५१२८००००) |
| ३. | **इन्जिनियरिङ** उपसमूहतर्फ **भौतिक पूर्वाधार निर्देशनालय** अन्तर्गतका (प्रा.प्र.नि. र प्रा.प्र.ना.नि.) पदहरू | नेपाल प्रहरी प्रधान कार्यालय, भौतिक पूर्वाधार निर्देशनालय, नक्साल, काठमाडौँ। (सम्पर्क नम्बरः ०१-५७१९९०० Ext. २१९, ०१-५७१९८४६) |
| ४. | **इन्जिनियरिङ** उपसमूहतर्फ **सवारी महाशाखा** अन्तर्गतका (प्रा.प्र.नि. र प्रा.प्र.स.नि.) पदहरू | नेपाल प्रहरी प्रधान कार्यालय, सवारी महाशाखा, नक्साल, काठमाडौँ। (सम्पर्क नम्बरः ०१-५७१९९१४, ९८५१२८३३८७) |
| ५. | **इन्जिनियरिङ, हातहतियार (आरमर)** उपसमूह तर्फ **हातहतियार मर्मत शाखा** अन्तर्गतका (प्रा.प्र.स.नि.) पद | नेपाल प्रहरी प्रधान कार्यालय, हातहतियार मर्मत शाखा, नक्साल, काठमाडौँ। (सम्पर्क नम्बरः ०१-५७१९९०० Ext. ४५७) |
| ६. | **विधि विज्ञान** उपसमूहतर्फ **केन्द्रीय विधि विज्ञान प्रयोगशाला** अन्तर्गतका (प्रा.प्र.नि. र प्रा.प्र.ना.नि.) पदहरू | नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला, सामाखुशी, काठमाडौँ। (सम्पर्क नम्बरः ०१-४९८०३१०) |
| ७. | **स्वास्थ्य** उपसमूहतर्फ **नेपाल प्रहरी अस्पताल** अन्तर्गतका (प्रा.प्र.ना.उ., प्रा.प्र.नि., प्रा.प्र.ना.नि. र प्रा.प्र.स.नि.) पदहरू | नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज, काठमाडौँ। (सम्पर्क नम्बरः ०१-४००२६०१, ४५१२५३०, ५९७१९४०) |

**(ख) प्राविधिक प्रहरी जवान पदतर्फ**

| क्र.सं. | पद | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | प्राविधिक प्रहरी जवान | कोशी प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ**। | ९८५२०९०१८० |
| | | मधेश प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (सम्पर्क कार्यालय: **राजविराज, सप्तरी**)। | ९८५४०९०६०० |
| | | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली**। | ९८५४०४१७३३ |
| | | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की**। | ९८५६०६८१२१ |
| | | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही**। | ९८५७०९०४४४ |
| | | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत **(हाल नेपालगञ्ज, बाँके)**। | ९८५८०९०११५ |
| | | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी**। | ९८५८४९००८४ |
| | | जिल्ला प्रहरी परिसर, **काठमाडौँ**। | ९८५१२८३०१२ |
| | | जिल्ला प्रहरी परिसर, **ललितपुर**। | ९८५१२९४५५५ |
| | | जिल्ला प्रहरी परिसर, **भक्तपुर**। | ९८५१२९०९७६ |
| | | जिल्ला प्रहरी कार्यालय, **(सबै)**। | सम्बन्धित जि.प्र.का. हरू |

### ४. दरखास्त दस्तुर:-

| क्र.सं. | पद | दस्तुर |
|---|---|---|
| १. | प्राविधिक प्रहरी नायव उपरीक्षक | Online मार्फत दरखास्त पेस गर्दा दस्तुर बापत रु.२०००।- (दुई हजार) बुझाउनु पर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.४००।-) का दरले थप दस्तुर लाग्नेछ। |
| २. | प्राविधिक प्रहरी निरीक्षक | Online मार्फत दरखास्त पेस गर्दा दस्तुर बापत रु.१२००।- (एक हजार दुई सय) बुझाउनुपर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.२४०।-) का दरले थप दस्तुर लाग्नेछ। |
| ३. | प्राविधिक प्रहरी नायव निरीक्षक | Online मार्फत दरखास्त पेस गर्दा दस्तुर बापत रु.७००।- (सात सय) बुझाउनुपर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.१४०।-) का दरले थप दस्तुर लाग्नेछ। |
| ४. | प्राविधिक प्रहरी सहायक निरीक्षक | Online मार्फत दरखास्त पेस गर्दा दस्तुर बापत रु.५००।- (पाँच सय) बुझाउनुपर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.१००।-) का दरले थप दस्तुर लाग्नेछ। |
| ५. | प्राविधिक प्रहरी जवान | दरखास्त फारामसाथ दस्तुर बापत रू.३०० (तीन सय) बुझाउनु पर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रू.६०) का दरले थप दस्तुर लाग्नेछ। |

### ५. उमेर हद:-

| क्र.सं. | पद | उमेर हद |
|---|---|---|
| १. | प्राविधिक प्रहरी नायव उपरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २३ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको। |
| २. | प्राविधिक प्रहरी निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पूरा भई ३२ वर्ष ननाघेको। |
| ३. | प्राविधिक प्रहरी नायव निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ३० वर्ष ननाघेको। |
| ४. | प्राविधिक प्रहरी सहायक निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २८ वर्ष ननाघेको। |
| ५. | प्राविधिक प्रहरी जवान | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको। |

पुनश्चः
(क) प्राविधिक प्रहरी निरीक्षक, प्राविधिक प्रहरी नायव निरीक्षक र प्राविधिक प्रहरी सहायक निरीक्षक पदमा खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनंकित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र आधारभूत तालिम लिएको हुनुपर्नेछ।
(ख) बहालवाला श्रेणीविहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनुपर्नेछ।

### ६. आवश्यक न्यूनतम योग्यता:-

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १. | प्राविधिक प्रहरी नायव उपरीक्षक, प्राविधिक प्रहरी निरीक्षक, प्राविधिक प्रहरी नायव निरीक्षक र प्राविधिक प्रहरी सहायक निरीक्षक | (क) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,<br>(ख) मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको,<br>(ग) राजनीतिक दलको सदस्य नरहेको,<br>(घ) आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>(ङ) उचाइ, छाती र तौलः<br>• **पुरुष**- उचाइ घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>• **महिला**- उचाइ घटीमा ५ फिट, तौल कम्तीमा ४२ के.जी<br>(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(छ) नेपाल प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),<br>(ज) नेपाली नागरिक। |
| २. | प्राविधिक प्रहरी जवान | (क) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>(ख) प्रा.प्र.ना.उ.देखि प्रा.प्र.स.नि पदहरूको लागि तोकिए बमोजिम क्र.सं. (क), (ग) देखि (ज) सम्मको अन्य योग्यताहरू पूरा भएको। |
| **सूचना प्रविधि निर्देशनालयतर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा इन्जिनियरिङ्ग (Bachelor of Computer Engineering वा Software Engineering वा IT Engineering वा सो सरह) मा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको वा सम्बन्धित विषयमा कम्तीमा स्नातक (BSc CSIT वा BIT वा BCA वा सो सरह) तह उत्तीर्ण गरी सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट ६ महिना सर्टिफाइड तालिम प्राप्त गरेको। |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा इन्जिनियरिङ्ग डिप्लोमा गरेको। |
| ३. | प्राविधिक प्रहरी सहायक निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट ३ महिनाको तालिम प्राप्त गरेको। |
| ४. | प्राविधिक प्रहरी जवान | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी./एस.ई.ई.वा सो सरह उत्तीर्ण गरेको तथा मान्यता प्राप्त तालीम संस्थाबाट कम्तीमा एक महिनाको सूचना प्रविधि विषयको तालिम सीप प्रमाणपत्र प्राप्त गरेको। |
| **सञ्चार निर्देशनालयतर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (सञ्चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय (Electronics and Communication Engineering वा Telecommunication/Radio Communication/Electronics/ Electrical & Electronics/Electrical & Communication Engineering वा सो सरह) मा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको। |
| २. | प्राविधिक प्रहरी नायव निरीक्षक (सञ्चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय (Electronics and Communication Engineering वा Telecommunication/Radio Communication/Electronics/ Electrical & Electronics/Electrical & Communication Engineering वा सो सरह) मा डिप्लोमा/प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भएको। |
| ३. | प्राविधिक प्रहरी सहायक निरीक्षक (सञ्चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरी सम्बन्धित विषय (Electronics and Communication Engineering वा Telecommunication/ Radio Communication/ Electronics/ Electrical & Electronics / Electrical & Communication Engineering वा सो सरह) मा कम्तीमा १८ (अठार) महिना कोर्ष पूरा गरेको वा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित विषयमा (इलेक्ट्रोनिक्स/मोबाइल फोन/सञ्चार उपकरण मर्मत वा सो सरह) मान्यता प्राप्त संस्थाबाट ३ (तीन) महिनाको तालिम प्राप्त गरेको वा सो सरहको उपाधि हासिल गरेको। |
| ४. | प्राविधिक प्रहरी जवान | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको। |
| **भौतिक पूर्वाधार निर्देशनालयतर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (सिभिल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट Bachelor in Civil Engineering वा सो सरहको योग्यता भएको र सम्बन्धित इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको। |
| २. | प्राविधिक प्रहरी निरीक्षक (ईलेक्ट्रिकल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट Bachelor in Electrical Engineering वा सो सरहको योग्यता भएको र सम्बन्धित इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको। |
| ३. | प्रा.प्र.नि. (बिल्डिङ्ग एण्ड आर्किटेक्ट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट Bachelor in Architecture वा सो सरहको योग्यता भएको र सम्बन्धित इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको। |
| ४. | प्राविधिक प्रहरी नायव निरीक्षक (आर्किटेक्ट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट ३ (तीन) वर्षे Diploma in Architecture वा Architecture विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको। |
| ५. | प्राविधिक प्रहरी नायव निरीक्षक (सिभिल) | मान्यता प्राप्त शिक्षण संस्थाबाट ३ (तीन) वर्षे Diploma in Civil Engineering वा Civil Engineering विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको। |
| ६. | प्राविधिक प्रहरी जवान | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् वा सो सरहको संस्थाबाट सम्बन्धित विषय (सिकर्मी, डकर्मी र पेन्टर) मा सिप प्रमाण पत्र प्राप्त गरेको। |
| **सवारी महाशाखातर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (अटोमोबाईल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट (Mechanical/Automobile) इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको। |
| २. | प्राविधिक प्रहरी सहायक निरीक्षक (अटोमोबाईल) | मान्यता प्राप्त शिक्षण संस्थाबाट (Mechanical/Automobile) विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको वा एस.एल.सी. उत्तीर्ण भई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा ३ वर्ष तालिम प्राप्त गरेको। |
| ३. | प्राविधिक प्रहरी जवान | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको। |
| **केनाईन कार्यालयतर्फ** | | |
| १. | प्राविधिक प्रहरी जवान | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको। |
| **हातहतियार मर्मत शाखातर्फ** | | |
| १. | प्राविधिक प्रहरी सहायक निरीक्षक (हातहतियार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरी १८ महिनाको General Mechanics (General Mechanical) कोर्ष वा Mechanical Engineering विषयमा प्रवीणता तह (Diploma) उत्तीर्ण गरेको वा सो सरहको योग्यता हासिल गरेको। |
| २. | प्राविधिक प्रहरी जवान | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको। |
| **केन्द्रीय विधि विज्ञान प्रयोगशालातर्फ** | | |
| १. | प्राविधिक प्रहरी निरीक्षक (बायोलोजी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोलोजी, वा मोलेक्यूलर बायोलोजी वा जेनेटिक्स, वा बायोकेमेष्ट्री, बायोटेक्नोलोजी वा माईक्रोबायोलोजी वा विधि विज्ञान मुख्य विषय लिई स्नातक तह उत्तीर्ण गरेको। |
| २. | प्राविधिक प्रहरी निरीक्षक (रसायन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट रसायन विज्ञान वा विधि विज्ञान मुख्य विषय लिई स्नातक तह उत्तीर्ण गरेको। |
| ३. | प्राविधिक प्रहरी नायव निरीक्षक (बायोलोजी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जीव विज्ञान मुख्य विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। |
| ४. | प्राविधिक प्रहरी नायव निरीक्षक (रसायन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जीव विज्ञान वा भौतिक विज्ञान मुख्य विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। |
| **नेपाल प्रहरी अस्पतालतर्फ** | | |
| १. | प्राविधिक प्रहरी नायव उपरीक्षक (MD Ophthalmologist) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अप्थाल्मोलोजी विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञता दर्ता भएको। |
| २. | प्राविधिक प्रहरी निरीक्षक (मेडिकल अफिसर एम.बी.बी.एस.) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञता दर्ता भएको। |
| ३. | प्राविधिक प्रहरी निरीक्षक (डेन्टल अधिकृत) | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.डी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञता दर्ता भएको। |
| ४. | प्रा.प्र.नि. (फिजियोथेरापी टेक्नोलोजिष्ट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। |
| ५. | प्रा.प्र.नि. (डाइटेटिक्स) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फुड एण्ड टेक्नोलोजी विषयमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको। |
| ६. | प्राविधिक प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा न्यूनतम प्रमाण पत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ परिषद्मा दर्ता भएको। |
| ७. | प्राविधिक प्रहरी नायव निरीक्षक (फार्मेसी असिष्टेन्ट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको। |
| ८. | प्राविधिक प्रहरी सहायक निरीक्षक (फिजियोथेरापी असिष्टेन्ट) | SLC/SEE उत्तीर्ण पश्चात् मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १५ महिना सी.एम.ए./ए.एन.एम. उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको र फिजियोथेरापी सम्बन्धी कम्तीमा ३ महिना तालिम प्राप्त गरेको। |
| ९. | प्राविधिक प्रहरी सहायक निरीक्षक (सी.एम.ए.) | SLC/SEE उत्तीर्ण पश्चात् मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १५ महिना सी.एम.ए. उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको। |
| १०. | प्राविधिक प्रहरी जवान | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण पश्चात् मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ३ (तीन) महिना स्वास्थ्य सम्बन्धी तालिम प्राप्त गरेको। |
| **नेपाल प्रहरी संगीत विद्यालयतर्फ** | | |
| १. | प्राविधिक प्रहरी जवान | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको। |

(बाँकी पृष्ठ ९ मा)

# वन अतिक्रमण गर्ने क्रसर उद्योग बन्द

**बनेपा समाचारदाता**
*बनेपा, चैत १९ गते*

डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोकले जिल्लाको तेमाल गाउँपालिका–१ मा अवैध रूपमा सञ्चालन भएका खानी तथा क्रसर बन्द गरेको छ । स्थानीयवासीको उजुरीका आधारमा कार्यालयले राष्ट्रिय वन र सार्वजनिक जग्गा अतिक्रमण गरी सञ्चालन हुँदै आएको हिन्जेन दोर्जे कम्पनी बन्द गरेको हो । तेमाल गाउँपालिका–१, खानी दोभानमा सञ्चालित हिन्जेन दोर्जे कम्पनीले अनधिकृत रूपमा क्रसर तथा खानी चलाई राष्ट्रिय वनक्षेत्र साथै आफूहरूको घरगोठ, खेतबारीमा समेत हानिनोक्सानी गरेको भन्दै स्थानीयवासीले डिभिजन वन कार्यालयमा उजुरी गरेपछि कार्यालयले टोली खटाई स्थलगत अनुगमन गरी उद्योग बन्द गराएको हो ।

सबडिभिजन वन कार्यालय नमोबुद्धका वन अधिकृत हरिचन्द्र तिमल्सिना नेतृत्वको अनुगमन टोलीले चैत १२ गते क्रसरको स्थलगत अनुगमन गरेको थियो । उहाँले स्थलगत अनुगमनका क्रममा उक्त कम्पनीले निजी जग्गामा क्रसर सञ्चालनको अनुमति लिएर राष्ट्रिय वनक्षेत्र र सार्वजनिक जग्गा अतिक्रमण गरी अवैध रूपमा क्रसर र खानी सञ्चालन गरिरहेको पाइएको बताउनुभयो । सो क्रममा क्रसर उद्योगले तल्लो तटमा रहेको स्थानीयवासीको निजी जग्गा, खेतबारीसमेत हानिनोक्सानी भएको पाइएको तिमल्सिनाले बताउनुभयो ।

अवैध रूपमा सञ्चालित क्रसरका कारण खानीखोला र खहरेखोलाको दोभानमा रहेको पानी मुहानमा असर परेको, क्रसरबाट उत्पादित डस्टबाट स्थानीयका १७ वटा घरगोठ बगाएको, क्रसरबाट उत्पादित धुलोले स्थानीय वातावरण र खेती किसानीमा समेत असर पुगेको स्थानीयवासीले बताएका छन् ।

---

**Tamakoshi Jalavidyut Company Limited**
**Dhumbarahi, Kathmandu**

**Invitation for Electronic Bids**

**Date of Publication : 03-04-2026**

| S.N. | Tender No. | Description |
|---|---|---|
| 1 | TKJVC/082-83/SQ/06 | Conservation forest sub-committee office upgradation and maintenance work |

**Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.**

---

**शंखरापुर नगरपालिका वडा नं. ६ को कार्यालय, साँखु**

निवेदक आसानारायण अवालको काका बाजे कासी लाल अवालको २०२४ सालमा, निजकी पत्नी सन्तमाया लवट अवालको २०२६ सालमा निःसन्तान अवस्थामा र बाजे हरी दास अवालको २०१२ सालमा, बजै बुरछिम माया अवालको २०१६ सालमा परलोक भई उहाँहरूको तर्फबाट एक मात्र छोरा आसामरु अवालको २०२८ सालमा, निजकी पत्नी धनमाया अवालको २०२० सालमा परलोक भई उहाँहरूको तर्फबाट दुई छोराहरू भएकोमा निवेदक आशनारायण अवाल र निजको भाई तुल्सी नारायण अवाल भई तुल्सी नारायण अवालको २०७९/९/३० मा परलोक भई निजको हक खाने हकदारमा निजकी श्रीमती लक्ष्मी महर्जन गरी जवान २ मात्र भएको हुँदा मृतक बाजे, बजै, काका बाजे, काकी बजै र पिता, माताको नाता प्रमाणित गरिपाऊँ भन्ने निवेदन यस वडा कार्यालयमा निवेदन पत्र प्रस्तुत गरेको हुँदा कासीलाल अवाल र निजकी श्रीमती सन्तमाया लवट अवालको अरू हक खाने हकदारहरू भए म्यादभित्र स–प्रमाण उपस्थित हुन यो हकदाबी सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरेको छ । अन्यथा कानून बमोजिम भइजाने व्यहोरा अनुरोध छ ।

---

**Government of Nepal**
**Ministry of Home Affair's**
**National Police Academy**
**Maharajgunj, Kathmandu**

**Invitation for Online Bids**

**Date of Published – 2082/12/20 (3rd Apr., 2026)**

National Police Academy, Maharajgunj Kathmandu invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system https://www.bolpatra.gov.np/egp/

| Contract Identification Number | Description of Works | Estimated Amount |
|---|---|---|
| NPA/NCB/MPSCABIN/2082-083 | Existing Barrack restructuring works for Construction of MPS Trainee's Cabin at National Police Academy Maharajgunj, Kathmandu | NRs. 90,84,985.25 (without VAT & PS) |

---

**सुदूरपश्चिम विश्वविद्यालय**
**परीक्षा नियन्त्रण कार्यालय**
**महेन्द्रनगर, कञ्चनपुर**

**छैटौं दीक्षान्त समारोह (२०८३) मा भाग लिन फाराम भर्ने सम्बन्धी सूचना**

**वि.सं. २०८१ साल फागुन १९ गतेदेखि वि.सं. २०८२ चैत ३० गतेसम्म तद्नुसार सन् २०२५ मार्च ०३ देखि सन् २०२६ अप्रिल १३ सम्ममा** सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार स्नातक, स्नातकोत्तर तथा एम.फिल. तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिएका विद्यार्थीहरू र सोही अवधिभित्र विद्यावारिधि तह पूरा गर्नेहरूले मात्र भर्न पाउने । सुदूरपश्चिम विश्वविद्यालयद्वारा आयोजना गरिने छैटौं दीक्षान्त समारोहमा भाग लिन माथि उल्लेख भए बमोजिमका तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिइसकेका इच्छुक विद्यार्थीहरूले सुदूरपश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, महेन्द्रनगर, कञ्चनपुरको वेबसाइट **https://convocation.fwu.edu.np** बाट मिति २०८२ चैत २० गते शुक्रबार देखि २०८३ साल वैशाख ०४ गते शुक्रबारसम्म निम्नानुसार रीत पुऱ्याई आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. अनलाइन आवेदन फाराम भर्दा दिइएको निर्देशन बमोजिम भर्नुपर्नेछ ।
२. दीक्षान्त समारोहमा सहभागी हुनका लागि दीक्षान्त शुल्क तथा गाउन/स्कार्फ/टोपीको धरौटी बापत देहाय बराबर रकम अनलाइनमार्फत भुक्तानी गर्नुपर्नेछ ।

**शुल्क विवरण**

| तह | दीक्षान्त शुल्क रु. (फिर्ता नहुने) | गाउन/स्कार्फ/टोपीको धरौटी रु. (फिर्ता हुने) | जम्मा रु. |
|---|---|---|---|
| क) स्नातक | १,५००।– | ४,०००।– | ५,५००।– |
| ख) स्नातकोत्तर | २,०००।– | ४,०००।– | ६,०००।– |
| ग) एम.फिल. | २,०००।– | ४,०००।– | ६,०००।– |
| घ) विद्यावारिधि | २,०००।– | ४,०००।– | ६,०००।– |

३. एम.आर.पी. **(MRP)** साइजको फोटो दुई प्रति गाउन/स्कार्फ/टोपी लिन आउँदा अनिवार्य रूपमा जम्मा गर्नुपर्नेछ ।
४. अभिभावक सरिक गराउने भएमा प्रति अभिभावक थप शुल्क रु. २५०।– (फिर्ता नहुने) अनलाइनमार्फत नै जम्मा गर्नुपर्नेछ ।
५. दीक्षान्त समारोहमा भाग लिन दीक्षान्त शुल्क तथा धरौटी दुवै अनिवार्य रूपमा बुझाउनुपर्नेछ ।
६. दीक्षान्त समारोह सम्बन्धी विस्तृत कार्यक्रम, दीक्षान्त सम्बन्धी थप जानकारी परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट **https://www.fwuexam.edu.np** मा हेरेर वा टेलिफोन नम्बर ०९९–५२०६७१, ०९९–५२६२४३ मा सम्पर्क गरेर बुझ्न सकिनेछ ।

**अनुराधा रोकाया**
**परीक्षा नियन्त्रक**

---

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**प्रादेशिक अस्पताल**
**मधेश प्रदेश, जनकपुरधाम, धनुषा**

**बैकल्पिक सूचिमा रहेका उम्मेदवारहरलाई सम्पर्क राख्न आउने सूचना**

**प्रकाशित मिति : २०८२/१२/२०**

यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत प्रादेशिक अस्पताल, जनकपुरधामका लागि कार्यालय सहयोगि पद करार सेवामा पदपूर्ति गर्न मिति २०८२।०३।३२ गते प्रकाशित नतिजाको बैकल्पिक सूचिमा रहेका सबै उम्मेदबारहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन मिति २०८२।१२।२६ गते भित्र आफ्नो नागरिकता प्रमाणपत्र, प्रवेश पत्र सहित यसै प्रतिष्ठानमा सम्पर्क राख्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**मधेश प्रदेश, जनकपुरधाम**

---

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षण अस्पताल, महाराजगञ्ज**
(कर्मचारी प्रशासन शाखा)

**पदपूर्ति सम्बन्धी सूचना**

**(गोरखापत्रमा प्रकाशित मिति : २०८२।१२।२०)**

यस अस्पतालका लागि आवश्यक चिकित्सा शास्त्र अध्ययन संस्थान कार्यान्वयन समितिको स्वीकृत अस्थायी दरबन्दीमा तपसिल बमोजिमका पदहरू करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित विषयमा आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले मिति २०८३ साल वैशाख २६ गते रातको १२:०० बजेभित्र vacancy.tuth.org.np मा लगइन गरी अनलाइन फाराम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी प्राप्त हुन आएका दरखास्त फारामहरू उपर कुनै कारबाही हुनेछैन । विस्तृत जानकारीका लागि यस अस्पतालको कर्मचारी प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| सि.नं. | पद/विभाग | योग्यता | सङ्ख्या |
|---|---|---|---|
| १ | क्लिनिकल रजिस्ट्रार (एनेस्थेसियोलोजी) | एनेस्थेसियोलोजी विषयमा एमडी वा सो सरह उत्तीर्ण | केही |
| २ | क्लिनिकल रजिस्ट्रार (क्रिटिकल केयर मेडिसिन) | एनेस्थेसियोलोजी विषयमा एमडी वा सो सरह उत्तीर्ण | केही |
| ३ | क्लिनिकल रजिस्ट्रार (जनरल प्राक्टिस) | एमडीजीपी वा सो सरह उत्तीर्ण | केही |
| ४ | क्लिनिकल रजिस्ट्रार (इमर्जेन्सी मेडिसिन) | एमडी इएम, एमडीजीपी एण्ड इएम उत्तीर्ण | केही |
| ५ | हाउस अफिसर (विभिन्न विभाग) | एम.बी.बी.एस. वा सो सरह उत्तीर्ण | केही |
| ६ | हाउस अफिसर (डेण्टल) | बी.डी.एस. वा सो सरह उत्तीर्ण | २ (दुई) |

**अनलाइन फाराम भर्दा अनिवार्य रूपमा अपलोड गर्नुपर्ने कागजातहरू:**
१. एस.एल.सी. लगायत सो भन्दा माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरू ।
२. नेपाली नागरिकताको प्रमाणपत्र ।
३. नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको रजिस्ट्रेसन ।
४. विदेशमा अध्ययन गरेकाहरूले शैक्षिक योग्यताको समकक्षता (Equivalence) निर्धारण गरिएको प्रमाणपत्र ।
५. पासपोर्ट साइजको फोटो ।

**पुनश्च:**
१. आवेदन दस्तुरः रु.२५००।– (दुई हजार पाँच सय) ।
२. उमेरको हद : क्लिनिकल रजिस्ट्रारका लागि २१ वर्ष पूरा भई ४५ ननाघेको र हाउस अफिसरका लागि ४० वर्ष ननाघेको ।
३. नतिजा प्रकाशन भएको मितिले १ वर्षसम्म प्रकाशित नतिजाको योग्यता क्रमानुसार पदपूर्ति गरिनेछ ।

**परीक्षाको किसिम : क्लिनिकल रजिस्ट्रार लिखित तथा अन्तर्वार्ता र हाउस अफिसर लिखित मात्र ।**
**परीक्षा सम्बन्धी कार्यक्रम www.tuth.org.np मा पछि प्रकाशन गरिनेछ ।**

**अस्पताल प्रशासन**

---

पृष्ठ ८ को बाँकी

**७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरू:-**

(क) नेपाली नागरिकताको प्रमाण पत्र ।
(ख) **Online** आवेदन दिने पदहरूको हकमा हालसालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) प्रस्ट देखिने ORMS को आवश्यकता अनुसारको रेजुलेशन तथा साइज अनुरूपको फोटो (पुरूषको हकमा दाह्री र कपाल काटेको) ।
(ग) **प्राविधिक प्रहरी जवान** पदमा दरखास्त दिने उम्मेदवारहरूको हकमा हालसालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) प्रस्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) ५ (पाँच) प्रति ।
(घ) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्र (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र ट्रान्सक्रिप्ट/मार्कशिट तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद्/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।
(ङ) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त प्रहरी परिवार भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र ।
(च) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।
(छ) **मधेसीका** हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाण पत्र ।
(ज) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित निकायबाट सूचीकृत भएका जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।
(झ) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेस गर्दाका बखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भनी सिफारिस गरिएको पत्रको सक्कल प्रति ।
(ञ) **प्राविधिक प्रहरी जवान** पदको हकमा दरखास्त फारामसँग संलग्न गरी पेस गर्ने कागजातहरूको प्रतिलिपिको पछाडिपट्टि '**सक्कल बमोजिम नक्कल ठिक छ**' भनी उम्मेदवार स्वयमले अनिवार्य रूपमा दस्तखत गर्नुपर्नेछ ।

**नोट:** Online आवेदन दिने उम्मेदवारले विज्ञापनमा तोकिए बमोजिमका आवश्यक कागजातहरूको सक्कलै प्रति Scan गरी ORMS प्रणालीमा तोके अनुसारको PDF Format मा अपलोड गर्नुपर्नेछ । साथै, उम्मेदवारले आफ्नो फोटो, दस्तखत, औँठा छाप (दाँया/बाँया) र नागरिकता प्रमाणपत्रको अगाडी/पछाडीको भाग JPG Format मा अपलोड गर्नुपर्नेछ ।

**८. दरखास्त दर्ता तथा दस्तुर बुझाउने विधि (ORMS Online माध्यमबाट):-**

(क) नेपाल प्रहरीको अनलाइन दरखास्त पोर्टल *https://careers.nepalpolice.gov.np* मा गई Registration प्रकृया पूरा गरी प्राप्त Username र Password द्वारा Login गरेर आवश्यक सम्पूर्ण विवरण भरी आवश्यक कागजातहरूको सक्कलै प्रति स्पष्ट देखिने Scan Copy Upload गरी Profile १००% पूर्ण भए पश्चात् मात्र आवेदन Submit गर्नु पर्नेछ ।
(ख) Online दरखास्त फाराम Submit गरे पछि प्राप्त हुने Application Id अनुरूप बुझाउनु पर्ने दरखास्त दस्तुर Online प्रणालीबाट महालेखाको Portal मा गई Connect IPS, e-Sewa, Khalti वा IME Pay मार्फत बुझाउन सकिनेछ । Offline प्रणालीबाट भुक्तानी गर्दा कारोबार सङ्केत (EBP Code) सहितको भौचर download गरी दरखास्त संकलन केन्द्रहरू अनुसारको राजस्व खाता भएको सम्बन्धित बैंकमा गई दाखिला गर्न सकिनेछ ।

**९. परीक्षा विधि:-**

**(१) प्रा.प्र.ना.उ., प्रा.प्र.नि., प्रा.प्र.ना.नि. र प्रा.प्र.स.नि. पदहरू तर्फ**

(क) प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण,
(ख) लिखित परीक्षा (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा आयोगद्वारा तोकेको परीक्षा केन्द्रहरूमा सञ्चालन हुने**),
- वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अङ्क कट्टा गरिने व्यहोरा जानकारी गराइन्छ ।
- वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

(ग) विशेष स्वास्थ्य परीक्षण,
(घ) प्रयोगात्मक परीक्षा (पाठ्यक्रममा उल्लेख भएका पदहरूको मात्र हुने),
(ङ) अन्तर्वार्ता ।

**(२) प्राविधिक प्रहरी जवान पदतर्फ**

(क) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा ।
(ख) विस्तृत स्वास्थ्य परीक्षण ।
(ग) लिखित परीक्षा (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा आयोगद्वारा तोकेको परीक्षा केन्द्रहरूमा सञ्चालन हुने**) ।
- वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अङ्क कट्टा गरीने व्यहोरा जानकारी गराइन्छ ।
- वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

(घ) प्रयोगात्मक परीक्षा (पाठ्यक्रममा उल्लेख भएका पदहरूको मात्र हुने) ।
(ङ) अन्तर्वार्ता ।

**१०. परीक्षा सञ्चालन हुने स्थान:-**

**(क) प्रा.प्र.ना.उ., प्रा.प्र.नि., प्रा.प्र.ना.नि. र प्रा.प्र.स.नि. पदहरूतर्फ**

(१) प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षण नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज काठमाडौँमा र प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौँमा सञ्चालन हुनेछ ।

**(ख) प्राविधिक प्रहरी जवान पदतर्फ**

| क्र.सं. | दरखास्त फाराम वितरण तथा दर्ता केन्द्र | परीक्षा सञ्चालन हुने स्थान |
|---|---|---|
| १. | प्र.ता.के.विराटनगर, जि.प्र.का. ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, झापा, मोरङ र सुनसरीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | कोशी प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ** । |
| २. | प्र.ता.के.जनकपुर (हाल राजविराज, सप्तरी), जि.प्र.का. सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | मधेश प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (सम्पर्क कार्यालय: **राजविराज, सप्तरी**) |
| ३. | प्र.ता.के.दुधौली, जि.प्र.का.दोलखा, रामेछाप, सिन्धुली, चितवन र मकवानपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली** । |
| ४. | प्र.ता.के.पोखरा, जि.प्र.का.गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी र बागलुङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की** । |
| ५. | प्र.ता.के.बुटवल, जि.प्र.का.नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान र दाङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही** । |
| ६. | प्र.ता.के.सुर्खेत (हाल नेपालगञ्ज), जि.प्र.का.रुकुम (पूर्व), रुकुम (पश्चिम), बाँके, बर्दिया, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालीकोट, जाजरकोट, दैलेख र सुर्खेतमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | कर्णाली प्रदेश प्रहरी कार्यालय, **वीरेन्द्रनगर, सुर्खेत** । |
| ७. | प्र.ता.के.दिपायल, जि.प्र.का. बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर र कैलालीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी** । |
| ८. | जिल्ला प्रहरी परिसर काठमाडौँ, ललितपुर, भक्तपुर साथै जि.प्र.का. काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट र धादिङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरूको । | काठमाडौँ उपत्यका प्रहरी शिक्षालय, **महाराजगञ्ज, काठमाडौं** । |

**११. सम्पर्क मिति तथा स्थान:-**

| क्र.सं. | पद | मिति |
|---|---|---|
| १. | प्रा.प्र.ना.उ.,प्रा.प्र.नि., प्रा.प्र.ना.नि. र प्रा.प्र.स.नि. | **प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण तालिका** सम्बन्धी सूचना मिति २०८३/०२/१३ गते नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा प्रकाशन गरिनेछ । |
| २. | प्राविधिक प्रहरी जवान | **प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा तालिका** सम्बन्धी सूचना मिति २०८३/०२/११ गते दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरूमा प्रकाशन गरिने तथा नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा समेत सो सम्बन्धी सूचना राखिनेछ । |

**१२. विज्ञापन सम्बन्धी विशेष सूचना:-** सम्मानित सर्वोच्च अदालतबाट नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौँ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०६६२ समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध मिलाए पछि कायम हुन आउने कूल पदहरू मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसावबाट आ.व.२०७९/८० मा समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटी हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च:**

१. दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा कार्यालय समय भित्र यसै विज्ञापनको **प्रकरण नं. ३ (क) र (ख)** मा उल्लेख भएका सम्बन्धित दरखास्त दर्ता केन्द्रहरूको सम्पर्क नम्बर वा नेपाल प्रहरी प्रधान कार्यालय, भर्ना छनौट शाखाको टेलिफोन नं.०१-५७१९९२७ मा सम्पर्क गरी वा *ormscareer@nepalpolice.gov.np* मा ईमेल पठाई बुझ्न सकिनेछ ।
१. तोकिएको शर्त पूरा नभई दरखास्त स्वीकृत नभएमा वा दरखास्त फाराम रद्द भएमा दरखास्त दस्तुर फिर्ता हुनेछैन ।
२. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सहभागी गराइनेछ ।
३. प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम १३ को उपनियम (५) बमोजिम पदपूर्ति समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनु भन्दा अगाडि सो पदपूर्ति समितिले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा सो सङ्ख्या समेत थप गर्न सक्नेछ ।
४. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरूको पाठ्यक्रम नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा समेत प्राप्त गर्न सकिनेछ ।
५. परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशी समूह तर्फको एउटै परीक्षा सञ्चालन गरीनेछ र निजहरूले प्राप्त गरेको अङ्कको आधारमा समावेशी तर्फका उम्मेदवारहरूबीच मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।
६. तोकिएका सर्तहरू पूरा नभएका दरखास्त फाराम जुनसुकै समयमा रद्द गर्न सकिनेछ ।
७. उम्मेदवारले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेश पत्र र नागरिकताको सक्कल प्रति साथमा लिएको हुनुपर्नेछ ।

**(क) Online आवेदन दिने पदहरूको हकमा**

१. Online दरखास्त पेस गर्दा आवश्यक प्रमाणपत्रहरूको सक्कलै Scan Copy अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ । साथै पेस भएका प्रमाणपत्रहरूको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ ।
२. तोकिएको म्यादभित्र दाखिला नभएका वा शर्त पूरा नभएका वा रीत नपुगी भरिएका वा दरखास्त दस्तुर नबुझाइएका दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ ।
३. दरखास्त अवधि भित्र ORMS प्रणाली मार्फत आवेदन दिएका उम्मेदवारहरूमध्ये आवश्यक विवरण तथा कागजातहरू अपुग भएका उम्मेदवारहरूको अभिलेख अद्यावधिक गर्न नेपाल प्रहरीको वेबसाईटमा सूचना प्रकाशन गरिनेछ । उक्त सूचनामा तोकिएको समयभित्र अपुग कागजातहरू अद्यावधिक नगर्ने उम्मेदवारहरूको दरखास्त फाराम स्वत: रद्द हुनेछ ।
४. अन्तर्वार्ता दिन आउँदा उम्मेदवारले दरखास्त साथ पेस गर्नुपर्ने भनी उल्लेख गरिएका आवश्यक प्रमाणपत्र तथा कागजातहरूको सक्कल सहित स्वयम्ले '**सक्कल बमोजिम नक्कल ठिक छ**' भनी प्रमाणित गरेको प्रतिलिपि समेत अनिवार्य रूपमा साथमा लिई आउनुपर्नेछ ।
५. Online दरखास्त दिने सम्बन्धी जानकारी मूलक Tutorial Video नेपाल प्रहरीको आधिकारिक YouTube Channel मा हेर्न सकिनेछ ।

**(ख) प्रा.प्र.ज. पदको हकमा**

१. आवेदकले कुनै एक दर्ता केन्द्रबाट मात्र दरखास्त फाराम दर्ता गर्नुपर्नेछ, दोहोरो दरखास्त दर्ता गरेको पाइएमा दरखास्त फाराम रद्द गरिनेछ ।
२. दरखास्त पेस गर्दा सक्कल प्रमाणपत्रहरू साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनुपर्नेछ ।
३. नेपाल प्रहरीको वेबसाइट: *www.nepalpolice.gov.np* बाट दरखास्त फाराम डाउनलोड गरी आवश्यक कागजातहरू संलग्न गरी तोकिएको कार्यालयमा पेस गर्न सकिनेछ ।

**मिति:- २०८२/१२/२० गते ।**

**नेपाल प्रहरी प्रधान कार्यालय**
**मानवश्रोत विकास विभाग**
**वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा**
**नक्साल, काठमाडौँ । ०१- ५७१९९२७**